नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरुको सन्दर्भमा गृह मन्त्रालयका अनुसार अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन असार २ गते २१५ स्थानमा र क्वारेन्टिनको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि १४४ स्थानमा अनुगमन भएको छ। विगत २४ घण्टामा निषेधाज्ञा उल्लङ्घन गर्ने २,७४६ सवारीसाधनलाई र मास्क प्रयोग नगरी हिडडुल गर्ने २,००४ जनालाई कारवाही गरिएको छ। असार २ गते देशभरका विभिन्न सीमानाकाहरूबाट २,५१४ नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेका छन्।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ३,९१९ थान मेडिकल उपकरणहरु, ११,५८१ एम.टी.क्यू. अक्सिजन र २,२४२ के.जी. स्यानिटाईजर लगायतका औषधीहरु पैठारी भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार काठमाडौं उपत्यकाका उद्योगहरुबाट ५,३४८ र काठमाडौं उपत्यका बाहिरका उद्योगहरुबाट ७,७४५ गरी जम्मा १२,०९२ अक्सिजन सिलिण्डर उत्पादन भएको र अक्सिजनको माग भन्दा उत्पादन बढी भइरहेको हुनाले हाल अस्पतालहरुमा अक्सिजन अभाव नभएको अवस्था छ। संयुक्त बजार अनुगमन टोली बाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा जम्मा ३ वटा खाद्यान्न फर्मको अनुगमन भएकोमा ३ वटा फर्मलाई रु. १२,००० जरिवाना गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घन्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगन्ज, सुर्खेत र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ३४ आन्तरिक उडान भरी ९९ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धार को उडान संख्या २८ रहेको छ।

२०७८/०३/०३

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np